नि. प्रमुख प्रशासकीय अधिकृ

**बौदीकाली गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपुर

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

बौदीकाली गाउँपालिकाको निरन्दी खोला अन्तर्गतको क्षेत्रको ढुंगा गिट्टी बालुवाको कर उठाउने सम्बन्धि शिलबन्दी दरभाउ पत्र फारम ।

२०७८

ठेक्का नं. BRMNP/IR/078-79/03 (RE)

दरभाउँ पत्र दस्तुर : रु. १०००।-

## बौदीकाली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ ,नवलपुर

## ढुङ्गा, गिट्टी, वालुवाको कर उठाउने सम्बन्धी सिलबन्दी दरभाउ पत्र फारम

आ.व.२०७८/०७९ को लागि

प्रमुख प्रशासकीय अधिकृत

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७३

ठेक्का नं. BRMNP/IR/078-79/03 (RE)

दरभाउँ पत्र दस्तुर : रु. १०००।-

| विवरण | न्यूनतम रकम | कबोल अङ्क | | धरौटी रकम | कै |
|---|---|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा | | |
| बौदीकाली गाउँपालिकाको निरन्दी खोला अर्न्तगतको क्षेत्र। (IEEले तोकेको सीमा क्षेत्रहरुबाट संकलन/उत्खनन् शुल्क) | रु ३,५७,१०५ ।- | | | | |
| मु.अ .कर १३ % | | | | | |
| जम्मा रकम | | | | | |

संलग्न कागजातहरु:

दरभाउ पत्र दाताको

सही:

नाम, थर :

स्थायी ठेगाना:

मिति :

सम्पर्क फोन नं.

बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ,नवलपरासी(ब.सु.पू.)

गण्डकीप्रदेश, नेपाल

प.स.: २०७८/७९

च.नं.:

V32P+FV Dedhgaun

## नदिजन्य पदार्थको बिक्रीका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक सुचना प्रकाशित मिति २०७८/१०/०७)

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र यस बौदीकाली गाउँपालिकाको आर्थिक ऐन, २०७८ बमोजिम तपशिलमा उल्लेखित खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन, उत्खनन् तथा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.न. | सिलबन्दी दरभाउपत्र | विवरण | उत्खनन् परिणाम (घन फिट, वार्षिक) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ. कर बाहेक) | संकलन / उत्खन्न दर | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | BRMNP/IR/078-079/02(RE) | बौदीकाली गाउँपालिकाको बौदीखोला अन्तर्गतको क्षेत्र (IEE ले तोकेको सीमाभित्रबाट संकलन उत्खनन शुल्क) | २१५९६६ | रु. १५११७६२ (अक्षेरुपी पन्ध्र लाख एघार हजार सात सय बैसट्टी मात्र) | रु. ७ | रु. ७५५९० (अक्षेरुपी पचहत्तर हजार पाँच सय नब्बे मात्र) | रु. १००० (अक्षेरुपी एक हजार मात्र) |
| २ | BRMNP/IR/078-079/03(RE) | बौदीकाली गाउँपालिकाको निरन्दी खोला अन्तर्गतको क्षेत्र (IEE ले तोकेको सीमाभित्रबाट संकलन उत्खनन शुल्क) | ५१०१५ | रु. ३५७१०५ (अक्षेरुपी तीन लाख सन्ताउन्न हजार एक सय पाँच मात्र) | रु. ७ | रु. १७८६० (अक्षेरुपी सत्र हजार आठ सय साठी मात्र) | रु. १००० (अक्षेरुपी एक हजार मात्र) |
| ३ | BRMNP/IR/078-079/04(RE) | बौदीकाली गाउँपालिकाको ईल्ली खोला अन्तर्गतको क्षेत्र (IEE ले तोकेको सीमाभित्रबाट संकलन उत्खनन शुल्क) | ४९२४० | रु. ३४४६८० (अक्षेरुपी तीन लाख चौबालिस हजार छ सय असी मात्र) | रु. ७ | रु. १७२३० (अक्षेरुपी सत्र हजार दुई सय तीस मात्र) | रु. १००० (अक्षेरुपी एक हजार मात्र) |

(नोट : ठेक्काका शर्तहरु तथा विस्तृत सुचना यस कार्यालयको वेवसाइट www.baudikalimun.gov.np मा उपलब्ध छ । )

(नि. प्रमुख प्रशासकीय अधिकृत)

नारायण ढकाल

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

नि. प्रमुख प्रशासकीय अधिकृत

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

## अनुसूची - २ क

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

### नदिजन्य पदार्थको बिक्रीका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०७८/१०/०७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र यस बौदीकाली गाउँपालिकाको आर्थिक ऐन, २०७८ बमोजिम तपशिलमा उल्लिखित खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन, उत्खनन् तथा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.न. | सिलबन्दी दरभाउपत्र | विवरण | उत्खनन् परिणाम (घन फिट, बार्षिक) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ. कर बाहेक | संकलन/उत्खन्न दर | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | BRMNP/IR/078-079/02(RE) | बौदीकाली गाउँपालिकाको बौदीखोला अन्तर्गतको क्षेत्र (IEE ले तोकेको सीमाभित्रबाट संकलन उत्खनन शुल्क) | २१५९६६ | रु. १५११७६२ (अक्षेरुपी पन्ध्र लाख एघार हजार सात सय बैसट्टी मात्र) | रु. ७ | रु. ७५५९० (अक्षेरुपी पचहत्तर हजार पाँच सय नब्बे मात्र) | रु. १००० (अक्षेरुपी एक हजार मात्र) |
| २ | BRMNP/IR/078-079/03(RE) | बौदीकाली गाउँपालिकाको निरन्दी खोला अन्तर्गतको क्षेत्र (IEE ले तोकेको सीमाभित्रबाट संकलन उत्खनन शुल्क) | ५१०१५ | रु. ३५७१०५ (अक्षेरुपी तीन लाख सन्ताउन्न हजार एक सय पाँच मात्र) | रु. ७ | रु. १७८६० (अक्षेरुपी सत्र हजार आठ सय साठी) | रु. १००० (अक्षेरुपी एक हजार मात्र) |
| ३ | BRMNP/IR/078-079/04(RE) | बौदीकाली गाउँपालिकाको ईल्ली खोला अन्तर्गतको क्षेत्र (IEE ले तोकेको सीमाभित्रबाट संकलन उत्खनन शुल्क) | ४९२४० | रु. ३४४६८० (अक्षेरुपी तीन लाख चौवालिस हजार छ सय असी मात्र) | रु. ७ | रु. १७२३० (अक्षेरुपी सत्र हजार दुई सय तीस मात्र) | रु. १००० (अक्षेरुपी एक हजार मात्र) |

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७४

ने. प्रमुख प्रशासकीय अधिक

शर्तहरु :

१. फर्म वा कम्पनीको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सिलबन्दी दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा ग्लोबल आइ.एम.ई. बैंक शाखा कार्यालय बुङ्दीकालीमा रहेको यस कार्यालयको खाता नं. ग.६१ विभाज्य कोष खाता बौदीकाली T१०४०१००००१८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट सिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र फारम पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंक शाखा कार्यालय बुङ्दीकालीमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग.३ धरौटी खाता बौदीकाली T१०४०१००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर यस कार्यालयको नाममा सिलबन्दी दरभाउपत्र नं. र नाम उल्लेख गरी सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको सिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी प्रस्तावदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, सिलबन्दी दरभाउपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने

अन्तिम दिनको २:०० बजे देखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै प्रस्तावदाता वा निजको प्रतिनिधि सिलबन्दी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका सिलबन्दी दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. सिलबन्दी दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको सम्पूर्ण रकम अनिवार्य बुझाउनुपर्नेछ अन्यथा ठेक्का सम्झौता तथा कार्यादेश दिइनेछैन । साथै सिलबन्दी दरभाउपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर प्रस्तावदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार सिलबन्दी दरभाउपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बौदीकाली गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website www.baudikalimun.gov.np मा समेत हेर्न सकिनेछ ।)

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी, गण्डकी प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

ठक्का सम्बन्धी थप शर्तहरु:

१. उल्लेखित ठेक्काहरुको लागि प्रत्येक आय ठेक्काको छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र फारम छुट्टाछुट्टै पेश गर्नुपर्नेछ ।

२. ठेक्का अवधि आ.व.२०७८/७९ को जेष्ठ मसान्त सम्म रहने छ । बन्द, हडताल, प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमले क्षतिपुर्ती दाबी गर्न पाइने छैन । प्रारम्भिक वातावरणीय प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन । तर अनुमती लिई तोकिएको स्थानमा घाटगद्धी गरी राखिएको मौज्दात सामाग्री नियमानुसार बिक्री तथा निकासी गर्न सकिनेछ ।

३. ठेक्का लिने फर्मले कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) र (१.५ प्रतिशत) अग्रिम आयकर सम्बन्धित करदाता सेवा कार्यालयको राजश्व खातामा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी बापतको रकम यस कार्यालयको ग्लोबल आईएमई बैक लि., डेढगाउँ शाखामा रहेको धरौटी खाता नं. т१०४०१००००००१ (ग.३ धरौटी बौदीकाली) मा नगद दाखिला गरेको सक्कल भौचर वा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैक जमानत (विड बण्डको सक्कल प्रति) सिलबन्दी दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ, धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन र उक्त बैक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. प्रत्येक आय ठेक्काको सिलबन्दी दरभाउपत्र फारम रु १००० (अक्षरुपी एक हजार) प्रति ठेक्का राजश्व रकम तिरी बौदीकाली गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँको योजना शाखाबाट खरिद गरी पेश गर्न सकिनेछ ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन , साथै रित नपुगी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको सिलबन्दी दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ ।

७. ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ०७ औं दिन सम्म कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र खरिद गरी ०८ औं दिनको १२।०० बजे भित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र बुझाउनु पर्नेछ । प्राप्त सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २।०० बजे बौदीकाली गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

८. सिलबन्दी दरभाउपत्र फारमहरु खरिद गर्ने, दाखिला गर्ने , खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा खरिद दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

९. कबोल गरेको सम्पूर्ण रकम यस कार्यालयको नाममा रहेको ग.६.१. विभाज्य कोष खाता बौदीकाली т१०४०१००००००१८ मा जम्मा गरी सक्कलै भौचर प्राप्त भए पश्चात मात्रै ठेक्का सम्झौता गरी चलान पुर्जी दिइनेछ ।

१०. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| सम्पूर्ण | ठेक्का स्वीकृत भएको ७ दिन भित्र | कबोल अँकको १०० प्रतिशतले हुन आउने रकम |

११. जमानत बापत सिलबन्दी दरभाउपत्रमा आफुले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१२. प्रचलित ऐन, कानुन, नियम, सम्झौता र सुचनाको सर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

१३. बौदीकाली गाउँपालिकाको नदी,नालाबाट ढुंगा, गिटी, बालुवा उत्खनन् तथा निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पुल र झोलुङ्गे पुल वा गाउँपालिकाले प्रतिबन्ध लगाएको क्षेत्रको तल ५०० मि. र माथी ५०० मि. क्षेत्रबाट निमार्ण सामाग्री उत्खनन् तथा निकासी गर्न कानुनले पुर्ण रुपमा प्रतिबन्ध लगाएको हुँदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको क्षेत्रमा मात्र तोकिएको परिमाण उत्खनन् तथा निकासी गर्न पाईनेछ ।

१४. यस कार्यालयमा पेश हुन आएका सिलबन्दी दरभाउपत्र, सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहरमा खोलिनेछ । तर सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि सो समयमा कार्यालयमा उपस्थित नभएमा कार्यालयको प्रतिनिधिको रोहरमा खोलिनेछ ।

१५. सिलबन्दी दरभाउपत्र पेश गर्दा पेश गर्ने व्यवसाय,फर्म वा कम्पनिको दर्ता, नविकरण प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नंम्बर, मु.अ. कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संग्लन राखी पेश गर्नपर्नेछ । अन्यथा पेश भएको सिलबन्दी दरभाउपत्र फाराम अमान्य हुनेछ ।

१६. ढुंगा, गिटी, बालुवा, रोडा आदीको संकलन, उत्खनन् तथा निकासीको सम्बन्धमा जिल्ला स्तरिय अनुगमन समिति तथा बौदीकाली गाउँपालिकाको कार्यालयले दिएका सुझाब तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१७. ढुंगा, गिटी, बालुवा, रोडा आदीको उपयोगमा स्थानीय आवश्यकता र स्थानीय तहको मागलाई पहिलो प्राथमिकता दिनुपर्ने छ ।

१८. विगतका आय सम्बन्धि ठेक्कामा गाउँपालिकालाई बुझाउनुपर्ने राजश्व नबुझाएको वा बक्यौता रहेको फर्म वा कम्पनीले प्रस्ताव पेश गर्न पाउने छैन ।

१९. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुनेछ । उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानुन तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ । ठेक्कामा कुनै विवाद भएमा गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

२० मिति २०७८।१०।०७ गते दोस्रो पटक प्रकाशित नदीजन्य पदार्थको विक्रिका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सुचना (यसै संग संलग्न समेत रहेको) यो प्रक्रियाको अभिन्न अंग हुनेछ ।

२०. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँकार्यपालिकाको कार्यलयमा निहित रहनेछ ।

(नि. प्रमुख प्रशासकीय अधिकृत)
नारायण ढकाल